आज मिति २०८३/०६/२७ गते मंगलबारको दिन यस शुद्धोदन गाउँपालिका गाउँ कार्यपालिकाको चालु आ.व. २०८३/०८४ को पाँचौ कार्यपालिका बैठक गाउँपालिका अध्यक्ष श्री विष्णु प्रसाद बस्यालज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक कक्षमा बसी तपसिलको उपस्थितिमा देहायबमोजिमका निर्णयहरु गरियो।

उपस्थितः-

	नाम थर	पद	हस्ताक्षर
१	श्री विष्णु प्रसाद बस्याल	अध्यक्ष	
२	श्री शान्ता देवी ज्ञवाली	उपाध्यक्ष	
३	श्री उदयराज गडेरिया पाल	वडाध्यक्ष	
४	श्री कमल खड्का क्षेत्री	वडाध्यक्ष	
५	श्री हेम बहादुर खड्का	वडाध्यक्ष	
६	श्री केशव प्रसाद अधिकारी	वडाध्यक्ष	
७	श्री चन्द्रभान चौधरी थारु	वडाध्यक्ष	
८	श्री उपेन्द्र साहनी	वडाध्यक्ष	
९	श्री भिम नारायण चौधरी	का.वा. वडाध्यक्ष	
१०	श्री शान्ति सुनार	कार्यपालिका सदस्य	
११	श्री पवित्रा थारु	कार्यपालिका सदस्य	
१२	श्री गिता नेपाली	कार्यपालिका सदस्य	
१३	श्री रुक्मिणी थारु	कार्यपालिका सदस्य	
१४	श्री राममिलान लोध	कार्यपालिका सदस्य	
१५	श्री सुरेश बहादुर सार्की	कार्यपालिका सदस्य	
१६	श्री सुरेश भण्डारी	सदस्य - सचिव	
	आमन्त्रित		
१	[illegible]	प्र. अ	
२	तेजलाल चरुवो	ए.डि.ओ. ले.प. आधिकृत	
३	सागिर भण्डारी	जन.प्रा. अधिकृत	
४	पुनर्नेश्वरी पुन्चाधी	अ.हे.ज	
५	[illegible]	ई.ले.प.	
६	[illegible]	[illegible]	
७	[illegible]	[illegible]	

आ.व:०८३-८४ बैठक नं. ५ मितिः २०८३/०६/२७ समयः

कार्यपालिका माइन्यूट

प्रस्तावहरू :-

१. आर्थिक सहयोग सम्बन्धमा ।
२. रकम भुक्तानी सम्बन्धमा ।
३. पारिश्रमिक वृद्धि सम्बन्धमा ।
४. कार्यविधि सम्बन्धमा ।
५. सौ. फर्साटिकर खानेपानी संस्थाको महशुल दर संशोधन सम्बन्धी अनुमती सम्बन्धमा ।
६. विविध ।

निर्णयहरू:-

सि.नं	विषयगत शाखा	निर्णय ब्यहोरा	कै.
१.	आर्थिक प्रशासन शाखा	१) सामुदायिक विद्यालय व्यवस्थापन समिति महासंघ लुम्बिनी प्रदेशलाई रु १५,०००/- (अक्षेरुपी पन्ध्र हजार मात्र) आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो । २) शुद्धोदन गाउँपालिका वडा नं. २ बनगाई डाँडामा रहेको जय किसान ट्युवेलको प्राविधिक समस्या समाधान गरी पुन सञ्चालन ल्याउनका लागि रु ७१,०००/- (अक्षेरुपी एकतर हजार मात्र) बजेट व्यवस्थापन गर्ने निर्णय गरियो। ३) शुद्धोदन गाउँपालिका वडा नं. ५ स्थित शुद्धोदन पार्क ठेक्का लगाउनुपूर्व सरसफाई कार्य सम्पन भएको हुदाँ जिल्ला दररेट अनुसार ज्याल वापतको रकम तपसिल बमोजिमका व्यक्तिहरुलाई भुक्तानी गर्ने निर्णय गरियो:- • फागु अहिर • हिक्मत थारु • अमेरीका प्रसाद चौधरी	

- चैन कुमारी थारु
- सिता कुमारी थारु

४) यस गाउँपालिकाको विभिन्न स्वास्थ्य संस्थामा कार्यरत ल्याव असिस्टेन्टको दैनिक ज्यालादारीमा असोज महिनामा सम्म जिल्ला दररेटमा तलब उपलब्ध गराउने र असोज महिना पछाडिको तलब सहायक चौथो तहको सुरु तलब स्केललाई २६ ले भाग गरी आउने तलबलाई दैनिक ज्याला कायम गरी उपलब्ध गराउने र सो तलब वापतको रकम तपसिल बमोजिमका स्वास्थ्य संस्थाहरुलाई गाउँपालिकाले उपलब्ध गराउने निर्णय गरियो :-

- खड्वा बनगाई स्वास्थ्य चौकी
- मानमटेरिया स्वास्थ्य चौकी
- मानपकडी स्वास्थ्य चौकी
- मोतिपुर प्राथमिक स्वास्थ्य केन्द्र

५) गाउँसभाको मिति २०८३/०३/३० को गाउँपालिकाको कार्यालय, वडा कार्यालय र स्वास्थ्य संस्थामा कार्यरत तपसिल बमोजिमका दैनिक ज्यालादारी कर्मचारीहरुलाई आ.व.२०८३/०८४ मा समेत निरन्तरता दिने निर्णय बमोजिम कार्यालय सहयोगी, सहायक कम्प्युटर अपरेटर, हलुका सवारी चालक, माली, सरसफाई कर्मचारीहरुलाई नेपाल सरकारले तोकेको सुरु तलब स्केललाई २६ ले भाग गरी आउने रकमलाई प्रतिदिन दर मानी डोर हाजिर अनुसार भुक्तानी गर्ने निर्णय गरियो ।

तपसिल-

क.सं.	कर्मचारीको नाम	पद
१	श्री कमला जि.सी	माली
२	श्री सिता ढकाल	का.स
३	श्री किसुन कुमार मल्लाह	माली
४	श्री रमा चौधरी	कृषि प्राविधिक
५	श्री गंगा बन्जाडे	कार्यालय सहयोगी
६	श्री पार्वती चौधरी	कार्यालय सहयोगी
७	श्री राम प्रसाद भट्टराई	सरसफाई कर्मचारी

		८	श्री अन्जु कुमारी पाल गडेरिया	सहायक क.अ		
		९	श्री हरि नारायण थारु	मालि		
		१०	श्री सन्दिप चौधरी	सहायक क.अ		
		११	श्री माया थापा	सहायक क.अ		
		१२	श्री सिता पाण्डे	मालि		
		१३	श्री अमृता चौधरी थारु	सहायक क.अ		
		१४	श्री अनिता क्षेत्री	सहायक क.अ		
		१५	श्री अनिल चौधरी	सहायक क.अ		
		१६	श्री पृथ्वी नारायण हरिजन	कार्यालय सहयोगी		
		१७	श्री सिमा थारु	कार्यालय सहयोगी		
		१८	श्री छोटेलाल थारु	कार्यालय सहयोगी		
		१९	श्री विन्दु चौधरी	कार्यालय सहयोगी		
		२०	श्री नगेन्द्र के.सी	कार्यालय सहयोगी		
		२१	श्री भारत यादव	कार्यालय सहयोगी		
		२२	श्री दिल कुमारी थारु	कार्यालय सहयोगी		
		२३	श्री रेखा नेपाली	कार्यालय सहयोगी		
		२४	श्री धनकुमारी चौधरी	कार्यालय सहयोगी		
		२५	श्री गिता पन्थ	कार्यालय सहयोगी		
		२६	श्री सरस्वती हरिजन	कार्यालय सहयोगी		
		२७	श्री दासु प्रसाद थारु	चौकीदार		
		२८	श्री सुमित्रा घिमिरे	औषधि कुटुवा		
		२९	श्री ज्ञेखनाथ थारु	ह.सवारी चालक		
		३०	श्री मुकेश कुमार चौधरी	कार्यालय सहयोगी		
		३१	श्री कविता थारु	कार्यालय सहयोगी		
		३२	श्री तिला कंडेल	कार्यालय सहयोगी		
		३३	श्री कोशल राज पाण्डे	चौकीदार		
		३४	श्री धनी सरा राना	कार्यालय सहयोगी		
		३५	श्री सिता लोध	कार्यालय सहयोगी		
		३६	श्री राम नारायण थारु	ह.सवारी चालक		
		३७	श्री सुनिता चौधरी थारु	कार्यालय सहयोगी		
२	सामान्य प्रशासन शाखा	१) शुद्धोदन गाउँपालिकाका लागि आवश्यक परेको तपसिल बमोजिम कार्यविधि तर्जुमा गर्न प्रक्रिया अगाडि बढाउने निर्णय गरियो :- • उपभोक्ता समिति दर्ता सम्बन्धी कार्यविधी, • व्यवसाय दर्ता सम्बन्धी कार्यविधी, • मर्मत संभार कोष व्यवस्थापन				

		कार्यविधी, २) आउदै गरेका महान् पर्वहरु वडा दशै, 'शुभ दिपावली, छट तथा नेपाल सम्वतको अवसरमा नेपाल तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपालीजनमा शु-स्वास्थ्य एवं दीर्घायुको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्ने निर्णय गरियो।	
३	पूर्वाधार विकास शाखा	१) सौ. फर्सीटिकर खानेपानी उपभोक्ता तथा सरसफाई संस्था शुद्धोदन गाउँपालिका - ३ रमापुर, रुपन्देहीलाई मैजुदा खानेपानी महशुल दरमा संशोधन गर्नका लागि संस्थाको विधान वमोजिम कार्य गर्न अनुमति प्रदान गर्ने निर्णय गरियो । २) यस गाउँपालिकावाट आ.व.२०८३/०८४ मा बुद्धसर्किट र हिरापुर-फर्सीटिरक सडक मर्मत गर्ने कार्यक्रम स्वीकृत भई ठेक्का प्रकृयामा ढिलाई भएको र सडकहरुमा रहेका खाल्डाखुल्डीका कारण यातायातका साधन आवतजावत गर्न कठिनाइ भएकोले प्राविधिक लागत अनुमान वमोजिमको रकम रु६,५०,०००/- वार्षिक विकास योजनामा (पुस्तिकाको पेज नं. १११ क्र.सं.१९९) मर्मत सम्भार कोष सडक पूर्वाधार समेतको लागि विनियोजित रकमबाट भुक्तानी हुने गरी तत्काल उक्त सडकहरु मर्मत गर्ने निर्णय गरियो। ३) यस गाउँपालिकाको वडा नं. ६ स्थित वकुली हाटवजार देखि वडा नं. ५ को मगर टोल जाने सडकमा रहेको कल्भर्टको दाँया बाँया माटो फिलिङ्ग नहुँदा आवतजावतमा कठिनाई भएको भनि वडा कार्यालयको सिफारिस	

		भएकोमा उक्त स्थानमा माटो फिलिङ्ग गर्न खर्च भएको रु १,६०,०००/- वार्षिक विकास योजनामा (पुस्तिकाको पेज नं. १०९ क्र.सं.१६९) अन्य विविध पूँजिगत खर्चको लागि बिनियोजित रकमबाट भुक्तानी गर्ने निर्णय गरियो ।	